# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: राष्ट्रिय गौरवका आयोजनाको सम्बन्धमा।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा राष्ट्रिय गौरवका आयोजनाहरू भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना र बबई सिंचाइ आयोजनाको अद्यावधिक अवस्था र कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरूका बारेमा छलफल गरियो ।

राज्यको ठूलो लगानी भएका राष्ट्रिय गौरवका आयोजनाहरूमा स्रोत साधनको सही सदुपयोग गरी गुणस्तरीय कार्य समयमा नै सम्पन्न गर्न अभिप्ररित गर्ने तथा आयोजना कार्यान्वयनको समयमा आइपरेका समस्याहरू समाधानका लागि सहजीकरण गर्ने उद्देश्य अनुरूप राष्ट्रिय गौरवका आयोजनाहरूका मुख्य सरोकारवालासँग छलफल गर्ने नीति अनुसार यस कार्यक्रमको आयोजना गरिएको थियो ।आयोजनाको तर्फबाट आयोजनाको कार्यान्वयनको सम्बन्धमा प्रस्तुतीकरण गरिएको थियो भने माननीय प्रमुख आयुक्तज्यू, माननीय आयुक्तज्यूहरू तथा श्रीमान् सचिवज्यूबाट आयोजना निर्माणमा हुने ढिलाइ, आयोजनाको अस्वाभाविक लागत बढ्ने प्रवृत्ति, निर्णय प्रक्रियामा हुने ढिलासुस्ती, योजनाबद्ध तरिकाले खरिद कार्य नहुने प्रचलन, जथाभावी म्याद थप तथा भेरिएसन गर्ने प्रवृत्ति, अन्तरनिकायगत समन्वयको अभाव लगायत आयोजनामा हुन सक्ने अन्य अनियमितताको विषयमा ध्यानाकर्षण गराइएको थियो ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता